# सन् २०२० जनगणना : समय-तालिका

NORTH CAROLINA ASIAN AMERICANS TOGETHER

***www.ncaatogether.org/census***

| | जनगणना विभागका चरणहरू | जनगणनामा गनिनका लागि (गेट आउट द काउन्ट (GOTC) मद्दत गर्न तपाइले के गर्न सक्नुहुन्छ? |
|---|---|---|
| ग्रीष्मकाल २०१९ देखि मार्च २०२० सम्म - जनचेतना र शिक्षा | | |
| जनवरीदेखि सेप्टेम्बर २०१९ सम्म | यो समय अवधिमा जनगणना विभागले २०० वटाभन्दा बढी क्षेत्रीय जनगणना कार्यालयहरू खोल्छ । | सचेतना र शिक्षा अभियान शुरू गर्नुहोस्: आफ्नो समुदायलाई जनगणना के हो र यसमा सहभागी हुनु किन महत्त्वपूर्ण छ भन्ने कुरा बुझाउनुहोस् ।<br>२०२० को जनगणनामा जागिर खाने अवसरबारे आफ्नो समुदायका मानिसहरूलाई बताउनुहोस् र उनीहरूलाई जागिरको निवेदन दिन सहयोग गर्नुहोस् । |
| सेप्टेम्बर २०१९ पछि | जनगणना विभागले क्षेत्रीय कार्यालयका लागि अस्थायी रूपमा गणक कर्मचारीहरू भर्ना गर्छ र ज्यालादारीका लागि छान्छ । | सचेतना र शिक्षा अभियानलाई निरन्तरता दिइ नै रहनुहोस् ।<br>गणनाका लागि खुलेका जागिरहरूका अवसरहरूको जानकारी समुदायलाई दिइरहनुहोस् र कामका लागि निवेदन दिन सहयोग गर्नुहोस् । |
| जनवरी २०२० | जनगणनामा सोधिने प्रश्नावली बुझाउनका लागि सहायता गर्न टोल-फ्रि (पैसा नलाग्ने) फोन लाईन खुला हुन्छन् ।<br>यस्तो फोन सहायता अंग्रेजी भाषाका साथै चिनियाँ (म्यान्डरिन र क्यान्टनिज), जापानी, कोरियाली, तागालोग र भियतनामीसहितका १२ | सचेतना र शिक्षा अभियानलाई निरन्तरता दिइ नै रहनुहोस्:<br>• जनगणनामा गनिने (GOTC) सम्बन्धी जानकारी र तथ्यहरूको विवरणबारे जानकारी गराउनुहोस् । |

| | | |
|---|---|---|
| | वटा गैर-अङ्ग्रेजी भाषाहरूमा उपलब्ध गराइएको छ । | • सञ्चार-माध्यमहरूलाई सम्पर्क गर्नुहोस् र जनगणनासम्बन्धी सामाजिक सञ्जालमा पनि राख्नुहोस् ।<br>• समुदायमा जनगणनासम्बन्धी योजना बनाइ कार्यक्रमको आयोजना गर्नुहोस् । जनगणनासम्बन्धी जानकारी दिन व्यक्तिगत भेटघाटका योजनाहरू बनाउनुहोस् ।<br>• जनगणना कसरी लिइन्छ र त्यसमा मानिसहरूले कसरी सहभागिता जनाउन सक्छन् भन्ने कुरालाई बुझाउनुहोस् ।<br><br>मानिसहरूलाई जनगणनामा सहभागी हुने बनाउनका लागि सम्बन्धित व्यक्तिहरूलाई गएर भेट्ने (अन-द-ग्राउण्ड आउटरिच) र आगामी मार्च महिनादेखि शुरू हुने जनगणनामा गनिन (GOTC) का लागि अर्को चरणको सम्पर्क कार्यक्रमको योजना बनाउनुहोस् । |
| **मार्चदेखि - अप्रिल २०२०--- मानिसहरूले जनगणनामा सहभागिता जनाउँछन्** | | |
| मार्च १२ गतेदेखि २० गते, २०२० | यो अवधिमा जनगणना विभागले सबै घरपरिवारलाई जनगणनामा अनलाइन कसरी सहभागी हुने भन्ने सामग्रीहरू, आफ्नो भाषामा सहयोग लिने श्रोतसहितका (साथमा हरेक घरको छुट्टाछुट्टै आइडीसहित) हुलाकबाट पठाउँछ ।<br><br>यो पहिलोपटक सामग्री पठाएपछि अनलाइन प्लेटफर्ममा प्रत्यक्ष सोध्न सकिने गरी व्यवस्था हुनेछ । | जनगणनामा सहभागिता जनाउन मानिसलाई प्रोत्साहित गर्नुहोस्:<br>• जनगणनासम्बन्धी आफ्नो समुदायहरूसँग कुरा गर्नुहोस् ।<br>• पर्चा र तथ्यहरूको विवरणलाई बाँड्नुहोस् ।<br>• सञ्चार-माध्यमहरू र सामाजिक सञ्जालमा अभियानहरू चलाइरहनुहोस् । |

<table>
<tr><td></td><td>इन्टरनेटमा कम मात्रामा पहुँच छ भन्ने शंका लागेका २० प्रतिशत जति घरपरिवारलाई जनगणनामा सहभागी गराउन कागजको फाराम पठाउँछ ।</td><td><ul><li>जनगणना गर्न कठीन क्षेत्रहरूमा व्यक्तिगत भेटघाट वा सम्पर्क गर्नुहोस् ।</li></ul></td></tr>
<tr><td>मार्च १६ - २४, २०२०</td><td>जनगणनामा सहभागिता नजनाएका घरपरिवारहरूलाई जनगणना विभागले पुन:स्मरण पत्र पठाउनेछ ।</td><td rowspan="5">मानिसहरूलाई जनगणना भर्दा आवश्यक पर्ने कुराहरू र सहयोग दिनुहोस्:<ul><li>समुदायमा जनगणनासम्बन्धी योजना बनाइ कार्यक्रमको आयोजना गर्नुहोस् ।</li><li>जनगणनामा सहभागिता जनाउनका लागि मानिसहरूलाई मद्दत लिने अवसर उपलब्ध गराउनुहोस् ।</li><li>जनगणनासम्बन्धी सञ्चार-माध्यमहरू र सामाजिक सञ्जालमा अभियान जारी राख्नुहोस् ।</li></ul>घरघरै गएर ढोका ढकढक्याउने, फोन-बैङ्किङ र अन्य क्रियाकलापहरूमार्फत जनगणना गर्न कठीन क्षेत्रहरूमा व्यक्तिगत घेटघाट वा सम्पर्कलाई कायम राख्नुहोस् ।<br><br>उपाय: यदि कसैलाई अनलाइनमार्फत जनगणनामा सहभागी हुनका लागि पठाइएको आफ्नो घरको छुट्टै आइडी थाहा छैन भने पनि उहाँहरूले आफ्नो ठेगाना दिएर जनगणना विभागको वेबसाइटमार्फत अझै पनि पेश गर्न सक्नुहुन्छ।</td></tr>
<tr><td>मार्च २६ - अप्रील ३,२०२०</td><td>जनगणनामा सहभागिता नजनाएका घरपरिवारहरूलाई जनगणना विभागले पुन:स्मरण पोष्टकार्ड पठाउनेछ ।</td></tr>
<tr><td>अप्रिल १, २०२०</td><td>यो आधिकारिक रूपमा २०२० जनगणना दिवस हो !</td></tr>
<tr><td>अप्रिल ८ - १६, २०२०</td><td>जनगणना विभागले पुन: स्मरण पत्र र कागजी फाराम पठाउनेछ ।</td></tr>
<tr><td>अप्रिल २० - २७, २०२०</td><td>जनगणना विभागले अन्तिम पटक पुन: स्मरण पोस्टकार्ड पठाउनेछ ।</td></tr>
<tr><td colspan="3">मे - जुलाई २०२० ---जनगणनामा सहभागिता नजनाएकाहरू उपर पुन: सोधपुछ (फलो-अप) को चरण</td></tr>
</table>

| | | |
|---|---|---|
| मे ४, २०२० | जनगणना विभागले जनगणनामा सहभागि नभएका व्यक्तिलाई पहिचान गर्छ । | मानिसहरूले अझैसम्म पनि जनगणनामा भाग लिएका छैनन् भने उनीहरूलाई जनगणनामा भाग लिन प्रोत्साहन गर्नुहोस् । |
| मे - जुलाई २०२० | जनगणनाका लागि पठाइएका फारामहरू फिर्ता नगरेको र धेरै प्रश्नहरूको जवाफ नदिएको घर-परिवारहरूलाई भेट्न जनगणना विभागले गणकहरूलाई पठाउँछ । | समुदायका मानिसमा जनगणनासम्बन्धी उठेका प्रश्नहरूको जवाफ दिनुहोस् साथै यदि जनगणनामा सहभागी नभएको अवस्थामा फेरि किन जनगणना लिने मानिसहरू भेट्न आउँदै छन् भन्ने यथार्थ कुरा बताएर उनीहरूका डर हटाइदिनुहोस् । |
| | मानिसहरूलाई जनगणनामा सहभागी हुनका लागि अनलाइन फाराम र जनगणना प्रश्नावली सहायता लाइन अझैसम्म पनि उपलब्ध हुन्छ । | |
| **जनगणना लिइसकेपछिको चरण** | | |
| जुन - सेप्टेम्बर २०२० | २०२० को जनगणना गर्दा समेट्न नसकेर हुन पुगेको त्रुटि (गणना गर्न छुटेको मानिस वा एकभन्दा बढी पटक गणना गरिएको) लाई मापन गर्न जनगणना लिइसकेपछिको सर्वेक्षण । | |
| डिसेम्बर ३१, २०२० | हरेक राज्यमा राष्ट्रपतिले वितरण गर्ने प्रयोजनका लागि राष्ट्रपतिलाई राज्यको कुल जनसंख्या रिपोर्ट गर्न जनगणना विभागका लागि अन्तिम मिति । | |

तपाईंले समुदायका सदस्यहरू र समुदायमा आधारित संघ-संस्थाहरूका लागि तयार पारिएको तथ्यहरूको विवरणलगायतका जनगणनासम्बन्धी थप सामग्रीहरू यो [www.countusin2020.org/resources](http://www.countusin2020.org/resources) वेबसाइटमा पाउन सक्नुहुन्छ ।